## समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

## पशु आहारका लागि घाँसको विउ तथा विरुवा खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वानको दोस्रो पटक प्रकाशित सुचना

# Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनल नेपालको प्रविधिक सहयोगमा सहमतिद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोतबृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीय द्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहल गरिएको परियोजनाहरु मूख्यतय चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

ब्यावसायिक दुधको लागि पशुपालन योजना बर्दघाट सुस्ता नवलपरासी पूर्व को मध्यबिन्दू नगरपालिका वडा नं. ७, ८ र ९, र बर्दघाट सुस्ता नवलपरासी पश्चिमको सुस्ता गाँउपालिका वडा नं. २ र ३, पाल्हिनन्दन गाँउपालिका वडा नं. ६ र सुनवल नगर पालिका वडा नं. ५ संचालित छ । यस ब्यावसायिक दुधको लागि पशुपालन परियोजना अन्तरर्गत पशु आहारका लागि पोषिलो घाँसहरुको प्रवर्धन र उत्पादन गरि दूध उत्पादनमा बृद्धि गर्ने उद्देश्यका साथ परियोजनाको कार्यक्षेत्रमा आवश्यक पर्ने भुई र डाले घाँसको बीउ र बेर्ना खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीमा भएका विरुवाहरुको संख्या, जात वा स्थानिय वातावरणमा बहुवर्षिय, डालेघाँस र सिजनअनुसारको घाँस को बेर्ना र बीउ को विस्तृत विवरण खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्ने छ ।

३. अनुसूचीहरूमा उल्लेख गरिएको भुई र डाले घाँसको बेर्ना र बीउको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने हुन्छ ।

४. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रसम्म सामग्री ढुवानी सेवा दिन सक्ने भएमा ढुवानीको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

५. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १० दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाहीहुने छैन ।

६. सेवा प्रदायकले माथि उल्लेखित व्यवसायिक दुधको लागि पशुपालन परियोजनाको कार्य क्षेत्र मध्ये आफूलाई पायक पर्ने क्षेत्र वा पुरै क्षेत्रमा सेवाको लागि कोटेशनदिन सक्ने छ तर दर्खास्त दिदा आफूले सेवादिन चाहेको क्षेत्र स्पष्ट खुलाउनु पर्ने छ ।

७. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

८. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

९. आवश्यक परेको खण्डमा, कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

१०. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

११. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१२. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

१३. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा "घाँसको बीउ तथा विरुवा" लेखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् २०७७/०२/३० गते तदनुसार June 12, 2020 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेश्नल नेपालको केन्द्रिय कार्यालय एकान्त कुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ । यदि तोकिएको मिति सम्म COVID-19 वा अन्य कुनै कारणले बन्दाबन्दि यथावत रहेमा दरभाउपत्र email मार्फत sahamatijobs@gmail.com ठेगानामा पठाई **अनिवार्य** eoi@gninepal.org ठेगानामा CC गर्नु पर्नेछ ।

## आवश्यक घाँसको विवरणसूची १

| क.स. | नाम/विवरण | ईकाई | प्रति ईकाई मूल्य अंकमा | प्रति ईकाई मूल्य अक्षरमा | हाल उपलब्ध परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्यू काफल (किम्मु) | १ बेर्ना | | | | |
| २ | भट्मासे | १ किलो | | | | |
| | | १ बेर्ना | | | | |
| ३ | मलाटो-१ | १ बेर्ना | | | | |
| ४ | मलाटो-२ | १ बेर्ना | | | | |
| ५ | सुम्मा सेटेरिया | १ बेर्ना | | | | |
| ६ | पासपालम | १ बेर्ना | | | | |
| | | १ किलो | | | | |
| ७ | सुपर नेपीयर | १ बेर्ना | | | | |
| ८ | ईपिल ईपिल | १ बेर्ना | | | | |
| | | १ किलो | | | | |
| ९ | टाँकी | १ पिस | | | | |
| १० | मेन्दुला | १ किलो | | | | |
| ११ | सोनेहेम | १ किलो | | | | |
| १२ | मकैपाते/ मकैचरी | १ किलो | | | | |
| १३ | इन्दिरो फेरेदा | १ किलो | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | कोईरालो | १ पिस | | | | |
| १५ | जई घाँस | १ किलो | | | | |
| १६ | बर्सिम | १ किलो | | | | |
| १७ | भेच | १ किलो | | | | |
| १८ | सुडान | १ किलो | | | | |
| १९ | वाभ्कुरा | १ बेर्ना | | | | |
| २० | सितलचिनी | १ बेर्ना | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट : १) माथि उल्लेखित बीउ तथा बेर्नाको विवरण अनुसार उल्लेख गरेको इकाई फरक हुने अवस्थामा आफैले बोलपत्रदाता वा अधिकार प्राप्त व्यक्तिले सच्चाएर लेख्न सक्नेछ र केरमेट भएको ठाउँमा अक्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ।

२) माथि उल्लेखित बीउ तथा बेर्नाको विवरण भन्दा फरक गुणस्तर र नामको सामग्री भएमा बोलपत्रदाताले फारममा रहेको खाली ठाउँमा लेख्न सक्नेछ।